गोलन्जोर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, ग्वालटार, सिन्धुली

**आन्तरिक कर ढुङ्गा ,गिटी वालुवा उत्खन्न तथा विक्री वितरण सम्वन्धी बोलपत्र आव्हानको सुचना**

**प्रकाशित (प्रथम पटक प्रकाशित सूचना मिति २०७५/०४/३१ (अन्पूर्ण पोष्ट राष्ट्रिय दैनकिमा) )**

स्थानीय सरकार संन्चालन ऐन , २०७४ को परिच्छेद -३ को दफा ११ को उप दफा घ को ६ मा भएको ब्यवस्था अनुसार , यस गाउपालिकाको मिति २०७५/०४/१७ गते बसेको गाउँ कार्यापालिको वैठकवाट आन्तरिक कर संकलनको लागी बोलपत्र आव्हान गर्ने भनी भएको निर्णय अनुसार देहायको उल्लेखित स्थानहरुवाट आई.ई.ई मा उल्लेखित परिमाणमा तोकिएको मापदण्डको आधारमा ढुंगा, गिट्टी, वालुवा उत्खन्न , संकलन र जिल्ला भित्र तथा जिल्ला वाहिर निकाशी गर्न कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले स्थायी लेखा नम्वर (पान) लिएका इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपशिल बमोजिमको शर्तहरुको अधीनमा रही प्रथम पटक यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र शिलवन्दी वोलपत्र पेश गर्नु हुन सार्वजनिक सूचना आब्हान गरिएको छ ।

**१. ढुंगा, गिट्टी, वालुवाको लागि:**

| | | | जिल्ला भित्र । आन्तरिक | | जिल्ला बाहिर । बाह्य | |
|---|---|---|---|---|---|---|
| **ठेक्का नं** | ठेक्काको क्षेत्र | न्युनतम बोल कवोल रकम - ( भ्याट सहितको रकम ) | उत्खन प्रति क्यू फिट | निकासी प्रति क्यू फिट | उत्खन प्रति क्यू फिट | निकासी प्रति क्यू फिट |
| १/ ०७५ /०७६ | सुनकोशी नदी किनारको आसपास | ४७,००,०००। | रु २ | रु. ४।- | रु ३। | रु ६। |
| २/ ०७५/ ०७६. | अँधेरी, सुँगुरे, बन्दीजोर, वितिजोर , ट्याउ र वाक्सु गरी ६ वटा खोला वगर क्षेत्र | ४२,७५,०००। | रु २ | रु. ४।- | रु ३। | रु ६। |

**शर्त तथा बन्देज:-**

१.इच्छुक योग्य बोलपत्रदाताहरूले फिर्ता नहुने गरी रु. ३०००।- (तिन हजार मात्र) दस्तुर यस कार्यालयको सिद्धार्थ बैंक ग्वालटार शाखाको खाता नं ०२११५०८२७५१ मा जम्मा गरेको भौचर वा यस कार्यालयमा नगदै बुझाई नगदी रसिदको साथ आ.ब. २०७३/७४ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, र आ.व. २०७३/७४ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि **नेपाल सरकारको अधिकृत स्तरको अधिकृत वा नोटरी पब्लिकवाट प्रमाणीत गरिएको कागजात** संलग्न राखी बोलपत्र उपलब्ध गराउन यस कार्यालयमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर बोलपत्र पुस्तिका खरिद गर्न सकिनेछ ।

२.खरिद भएको वोलपत्रहरुको पत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम बाहिर फर्मको नाम , ठेगाना र ठेक्काको नाम नम्वर लेखी सुचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको ठिक १२ बजे सम्म खामवन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ । तोकिएको समयमा दर्ता हुन आएको फर्महरु सोही दिन दिनको ठिक २ :०० बजे फर्महरुको प्रतिनिधि सहित सरकारी कर्मचारी सहितकको उपस्थितिमा कार्यालयमा खोलीनेछ । तर फर्मको प्रतिनिधि वा फर्मवाला आफै उपस्थिति हुन नसकेमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३.ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ। धरौटी वापत रकम यस कार्यालयको सिद्धार्थ बैंक ग्वालटार शाखाको खाता नं ०२११५०८२७५१ मा जम्मा गर्नुपर्नेछ ।

४.शिलवन्दी बोलपत्र फाराममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ। दर रेटकोअंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

५..ढुङगा, गिट्टी, वालुवा उत्खनन र संकलन गर्ने र तोकिएको स्थानमा घाटगद्धी गरी नापजाच गरी लैजाने व्यबस्था गाउपालिका कार्यालयको निर्देशन बमा्जिम हुनेछ।

६.ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गोलन्जोर गाउपालिकामा निहित रहनेछ।

७. गोलन्जोर गाउपालिकाले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

८.ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा कार्यालय र ठेकेदारबीच कुनै विवाद भएमा गाउपालिकाको निर्णय अन्तिम हुने छ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

९.ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजवाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदारवाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१०.ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए/परेमा नेपाल सरकारको नीतिगत निर्णयको आधारमा मात्र निर्णय गर्न सकिनेछ।

११.सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा लगायतका कुनै पनि सामग्री संकलन वा संचय गरी राख्न पाईने छैन साथै ढुंगा, गिट्टी, वालुवा आदि वोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न समेत पाईने छैन।

१२.जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र तोकिएको समयसम्म मात्र ठेकेदारले संकलन गरेको वस्तुहरु सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ।

१३.भू-क्षय तथा नदी खोला प्रवाहको दिशा परिवर्तन हुने गरी र पानीको सतहभन्दा मुनिबाट ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन् गर्न पाइने छैन।

१४. प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन् गर्नुपर्नेछ।

१५.शिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने मितिमा सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ।

१६.यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१७.यो ठेक्काको अवधी ०७५ असोज १ गतेदेखि २०७६ असार मसान्त सम्म रहनेछ।

..............................

**प्रमुख प्रशासकिय अधिकृत**

**टंकनाथ घिमिरे**